जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ३८ २०८३ साल भदौ १६ गते मंगलबार (1 Sep 2026 Tuesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'भोटेकोशी बाढीबारे समयमै ... ३ पृष्ठमा : रसुवा बाढी प्रकरणः ... ३ पृष्ठमा : बालबालिकालाइ्रसामाजिक ...

# राजविराज उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा तीन जनाको उम्मेदवारी



अधिवक्ता बलराम सिंह



अधिवक्ता नविन सिंह



अधिवक्ता देवबहादुर कटुवाल

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

राजविराज उच्च अदालत बार एशोसिएशनको निर्वाचनका लागि तीन जनाको अध्यक्षमा उम्मेदवारी परेको छ ।

भदौ २७ गते हुने बारको निर्वाचनका लागि अध्यक्ष पदमा अधिवक्ता नविन सिंह, अधिवक्ता बलराम सिंह र अधिवक्ता देवबहादुर कटुवालले सोमबार छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका हुन् ।

अधिवक्ताद्वय नविन सिंह र बलराम सिंहले छुट्टाछुट्टै प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् भने अधिवक्ता देवराज कटुवालले एकल उम्मेदवारी दिएका छन् ।

नविन सिंहको प्यानलबाट उपाध्यक्षमा उमाशंकर देव, सचिवमा रामकुमार यादव, सहसचिवमा सुनिता कुमारी दास र कोषाध्यक्षमा उपेन्द्र यादवको उम्मेदवारी परेको छ भने सदस्यहरुमा सुरेन्द्र प्रसाद यादव, प्रकाश कुमार यादव, डा. शिवनरायण यादव, विपि कोइराला, सन्जिव कुमार यादव, दिलिप यादव, मिथिलेशचन्द्र लाभ र दिनेश कुमार सिंहको उम्मेदवारी परेको छ ।

त्यसैगरि सोही प्यानलबाट पार्षदमा गुन्जेश्वर प्रसाद यादव, डा. देवनारायण यादव, बरिष्ठ अधिवक्ता नारायण प्रसाद साह, अशोक कुमार झा, नित्यदेव प्रसाद यादव, गिरेन्द्र प्रसाद यादव, बलबिर चौधरी, सुधा देव र डा. सन्तोष कुमार चमनको उम्मेदवारी परेको निर्वाचन अधिकृत दोरिकलाल चौधरीले जानकारी दिएका छन् ।

यसैगरि बलराम सिंहको प्यानलबाट उपाध्यक्षमा बिनोद पाण्डेय, सचिवमा पार्वती कुमारी जोशी थारु, सहसचिवमा अस्मिता थापा र कोषाध्यक्षमा भोगिलाल यादवको उम्मेदवारी परेको छ भने सदस्यहरुमा राम प्रसाद यादव, सतिश कुमार दत्त, बालकृष्ण कार्की, भागवत यादव, रामनारायण चौधरी, सन्तोष कुमार चौधरी, राजकुमार साह र चन्द्रकान्त यादवको उम्मेदवारी परेको छ ।

त्यसैगरि सोही प्यानलबाट पार्षदमा श्यामकुमार पोखरेल, डा. हेमकुमार मिश्र, श्यामकान्त

*बाँकी अन्तिम पृष्ठमा*

# भोटेकोशी बाढीः मानवीय क्षति ९०३, चार हजारभन्दा बढी सम्पर्कविहीन

काठमाडौँ, १५ भदौ (रासस) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीमा परी हालसम्म ९०३ जनाको निधन भएको पुष्टि गरेको छ ।

उक्त बाढीमा परी हालसम्म २६७ जना व्यक्ति घाइते भएको जानकारी दिँदै प्राधिकरणले करिब चार हजार ३४७ जना सम्पर्कविहीन रहेको जनाएको छ । बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासी पूर्व तथा पश्चिम, तनहुँ र चितवनलगायत जिल्ला प्रभावित भएका छन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालसहित २० हजार ८९९ सुरक्षाकर्मी परिचालन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार बाढी पहिरोमा फसेका हालसम्म १० हजार ४५९ जनाको उद्धार गरिएको छ ।

प्राधिकरणका अनुसार, नेपाली सेनाले हेलिकप्टरमार्फत तीन हजार ३४४ नेपाली नागरिक र २५२ विदेशी नागरिकलाई हेलिकप्टरबाट उद्धार

*बाँकी अन्तिम पृष्ठमा*

# प्रेस युनियन सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुको पदस्थापन



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

नेपाल प्रेस युनियन सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुको सोमबार पदस्थापन भएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीको सभाहलमा आयोजित कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई पदस्थापन गराइएको हो ।

गत भदौ ६ गते सम्पन्न

*बाँकी तीन पृष्ठमा*

# सूचीकरण तथा नवीकरण नगर्ने पत्रिकालाई लोककल्याणकारी विज्ञापनको रकम उपलब्ध नगराइने

काठमाडौँ, १५ भदौ (रासस) ।

विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण नगरी लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने पत्रपत्रिकालाई चालु आर्थिक वर्ष २०८३/८४ देखि त्यस्तो विज्ञापनवापतको रकम भुक्तानी नगरिने भएको छ ।

विज्ञापन बोर्डले पत्रपत्रिका, विज्ञापन एजेन्सी तथा अन्य सञ्चारमाध्यमलाई बोर्डमा अनिवार्य रूपमा सूचीकरण तथा नवीकरण गर्न आग्रह गर्दै यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो । यसअघि सूचना जारी गरी सूचीकरण तथा नवीकरण नगरी विज्ञापन कारोबार गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुने र बोर्डबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनको रकमसमेत भुक्तानी नहुने स्पष्ट गरिसकिएको बोर्डले जनाएको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ को उपदफा (१) मा विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीले तोकिए बमोजिमको विवरण दाखिला गरी बोर्डमा सूचीकृत हुनुपर्ने व्यवस्था छ । यस्तै, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ को उपदफा (४) बाट उक्त व्यवस्थामा संशोधन गरिएको छ ।

संशोधित व्यवस्थाअनुसार ऐन प्रारम्भ हुँदाका बखत विज्ञापन कारोबार गरिरहेका सञ्चारमाध्यमले ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र बोर्डमा सूचीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ४(क) तथा नियम ११ ले समेत विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी व्यवस्था गरेको छ ।

बोर्डले छापा, विद्युतीय तथा अनलाइन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीलाई कानुनबमोजिम सूचीकरण तथा नवीकरण गर्न आग्रह गरेको छ । सूचीकरण तथा नवीकरण नगरी विज्ञापन कारोबार गरिएमा सम्बन्धित सञ्चारमाध्यम वा एजेन्सी कानुनी कारबाहीको भागीदार हुने बोर्डले जनाएको छ ।

बोर्डले सोमबार जारी गरेको

*बाँकी तीन पृष्ठमा*

**सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं**

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

**स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासका ठोस र दीर्घकालीन योजना अघि बढाऔं

राजविराज नगरपालिका विकासको मामिलामा फड्को मार्ने अवस्थामा रहेको छ। अहिले विभिन्न सडकहरुको निर्माण, अतिक्रमण हटाउने कार्यहरु पहिलो प्राथमिकताका साथ अगाडी बढीरहेको छ। यस बाहेक थुप्रै विकासका सम्भावनाहरु पनि छन्। यी सम्भावनाहरुलाई मूर्त रुप दिन ठोस योजना र दूरदर्शिताका अभाव रहेको छ। यस बाहेक कृषि प्रधान जिल्लाका रुपमा परिचित सप्तरीमा कृषिलाई लक्षित गरेर दीर्घकालीन र ठोस योजना आउन नसक्नु विकासकै दृष्टिकोणले विडम्बनापूर्ण छ।

कुनै स्थानको विकास हुनुमा सबै भन्दा पहिले जनप्रतिनिधिहरुको ठोस निर्णयलाई स्थानीयवासीले सहयोग पुऱ्याउनु हो। जिल्लास्थित विभिन्न भौतिक संरचनाहरुको अधुरो कार्यले निरन्तरता नपाउनु पनि हो। जिल्लामा भएका पर्यटकीय सम्भावनाहरुलाई सूचीकृत गरी त्यसको आन्तरिक एवं बाह्य पर्यटकीय दृष्टिले विकास नहनु पनि हाम्रा लागि दुःखद हो।

तसर्थ जिल्लाका हरेक विकासीय सम्भावनाहरुका बारेमा सबै स्थानीय तहहरुले एकीकृत रुपमा छलफल गरी विकासका ठोस र दीर्घकालीन योजनाका साथै अघि बढे मात्र जिल्लाको विकास सम्भव हुने कुरामा दुईमत नहोला।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# 'भोटेकोशी बाढीबारे समयमै पूर्वसूचना दिन पाएको भए अझ धेरैको ज्यान जोगाउन सकिन्थ्यो': बाढीविद् पराजुली

काठमाडौं, १५ भदौ (रासस)।

भोटेकोशी नदीमा गत बुधबार आएको अकल्पनीय बाढीले केही मिनेटमै नदी किनारका बस्ती, सडक, पुल र भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो। रसुवाबाट सुरु भएको बाढी त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखालगायतका तटीय क्षेत्रमा फैलिँदा धेरै परिवार विस्थापित भएका छन् भने ठूलो जनधनको क्षति भएको छ।

अचानक आएको यो बाढीले एउटा गम्भीर प्रश्न पनि उब्जाएको छ- यति ठूलो विपद्को पूर्वसूचना किन आउन सकेन ? आगामी दिनमा भोटेकोशी र त्रिशूली नदी आसपासको जोखिम कति छ ? बाढीका कारण बनेका ताल अझै फुट्ने अवस्थामा छन् कि छैनन् ? र यस्ता विपद्बाट भविष्यमा नागरिकलाई कसरी सुरक्षित गर्न सकिन्छ ? प्रस्तुत छ, यिनै विषयमा जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीसँग राससकर्मी प्रगति ढकालले गर्नुभएको कुराकानीको सम्पादित अंश:

**- गत बुधबार हामीले नसोचेको त्यति ठूलो विनाशकारी बाढी आयो। त्यसलाई कतिले हिमजन्य सुनामी पनि भनेर व्याख्या गरेका छन्। बाढी आनुअघि पूर्वसङ्केत अलिकति पनि पाउनुभएन ?**

अब यसको पूर्वसङ्केत हामीले पाएनौं। मुख्यतः पूर्वसङ्केत पाउनको लागि त्यहाँ जडान गरेका उपकरणहरूले हामीलाई सूचना दिनुपर्ने हुन्छ। रसुवाको सीमा नजिकै एक किलोमिटर जति मात्रै तल स्वचालित जलमापन केन्द्र राखेका थियौं। बेत्रावतीमा त्यस्तै सेन्सरहरू राखेका थिए। पूर्वसङ्केत दिने ती सेन्सरहरू राखेको स्थानभन्दा पनि धेरै अग्लो स्थानसम्म बाढी आयो। सामान्यतया १० मिटर जति माथि सेन्सरहरू जडान गर्छौं। जुन १०० वर्षको रिटर्न पिरियडको फ्लड भन्छौं। १०० वर्षमा फर्किन सक्ने बाढीका लागि ती उपकरणहरू राखिएका हुन्छन् तर यसपटक ती सबै उपकरणहरू एकैचोटी बगाएको अवस्था भयो र हामीले पनि कुनै सूचना पाउन सकेनौं।

ताल फुट्दै गर्दाको सूचना लिनको लागि हामीसँग कि त त्यो ठाउँमा सिसी क्यामेरा अथवा केही 'रियल टाइममा मनिटरिङ'मा हुनुपर्छ। कि त कुनै पनि भूकम्पको कम्पन मापन भएको सूचनाको आधारमा हामीले निर्णय लिनुपर्छ। अब हामीलाई भूकम्पसम्बन्धी सूचनाको पनि 'रियल टाइम एक्सेस' थिएन। फेरि भूकम्पको कम्पन मापन हुँदैमा सबै हिमपहिरो जान्छन् भन्ने पनि छैन। निर्णय लिन अलि कति कठिन छ। भविष्यमा त्योतर्फ काम गर्न सकिन्छ कि भन्ने छ। बाढी जाँदाको अवस्थामा हामीहरूसँग भएको संयन्त्र सबै फेल भयो। एकातिर हाम्रा जलमापन केन्द्र यति ठूलो बाढीका लागि थिएन भन्ने प्रमाणित भएको छ। सीमा नदीमा बाढी मापन गर्ने चीनतर्फ कुनै सेन्सर थियो वा थिएन, त्यो जानकारीमा छैन। उहाँहरूबाट सूचना प्राप्त हुन सकेन। अथवा थियो भने पनि त्यो पनि सुरुमै बगाएको हुनसक्छ किनकि चीनतर्फ पनि ठूलो मानवीय क्षति भएको छ।

**- अघिल्लो वर्ष पनि हिमताल फुटेर भोटेकोशीमा बाढी गयो। त्यसबेला नेपाल-चीन सीमाक्षेत्रमा भएको जलवायुजन्य विपद्सम्बन्धी पूर्वसूचना आदानप्रदान गर्ने भनेर सहमति भएको होइन र ?**

त्यो सहमति औपचारिक सहमति भएको पनि छैन। खाली हामी वार्ताको टेबलमा बस्यौं र छलफल गऱ्यौं। अब हामी यो दिशामा जानुपर्छ भन्ने सहमति भने भयो। अब हामी तथ्याङ्क आदानप्रदानमा पुग्नुपर्छ। त्योभन्दा अगाडि तथ्याङ्क सङ्कलनमै काम गर्नुपर्छ। संयुक्त अनुसन्धान हुनुपर्छ। त्यो क्षेत्रमा अध्ययन अनुसन्धान गरेर कहाँ-कहाँ जोखिम छ, कहाँ-कहाँ सेन्सरहरू राख्ने भन्ने कुरा सबै एकिन नगरिकन हामी तथ्याङ्क आदानप्रदानमा पुग्न सक्दैनौं। हामीलाई जानकारी भएसम्म तिब्बतको यो क्षेत्रमा र नेपालकै पनि क्षेत्रमा, बोर्डर सीमाको क्षेत्रमा त्यस किसिमको तथ्याङ्क आदानप्रदानमा गर्नका लागि तथ्याङ्क सङ्कलन अथवा तथ्याङ्क सर्भेक्षण प्रणाली नै थिएन।

मलाई लाग्छ कि चीन सरकारसँग तथ्याङ्क हुन्थ्यो भने हामीलाई प्राप्त हुन सक्थ्यो। अब त्यो तथ्याङ्क उहाँहरूसँग थियो भने चीनले पनि आफ्नो क्षेत्रको जनसङ्ख्यालाई जोगाउन सक्थ्यो नि। त्यसकारण चीनलाई दोष दिने ठाउँ छैन। तर भविष्यमा नेपाल र चीनले संयुक्त रूपमा कसरी यो किसिमको सर्भेक्षण संयन्त्रलाई विस्तार गर्ने, सिसी क्यामेरालगायत जडानलाई विस्तार गर्ने र त्यसको 'रियल टाइम एक्सेस' नेपाललाई पनि दिने, ताकि भोलिका दिनमा हामी त्यस्तै विपद् हुँदा समयमै पत्ता पाउन सकौं र हाम्रा नागरिकलाई जोगाउन सकौं भन्ने विषयमा कूटनीतिक पहल गर्न आवश्यक छ।

**- हामीले अझै केही समय अगाडि नै पूर्वसूचना दिन सकेको भए क्षति कम गर्न सकिन्थ्यो कि ? अथवा समयमै सूचना पाएर पनि केही मानिसले त्यसलाई गम्भीर रूपमा नलिँदा क्षति बढेको हो ? यो घटनालाई तपाईंहरूले कसरी हेर्नुभएको छ ?**

त्यसमा दुवै विषय सत्य छन्। पहिलो, हामीले पूर्वसूचना दिएकै स्थानमा पनि बेत्रावती वा सोभन्दा तल क्षति हुन पुग्यो। सूचना पाउँदापाउँदै पनि किन क्षति भयो त भन्दा नागरिकले यो यति ठूलो बाढी हो भनेर आँकलन गर्न सक्नुभएन। एकातिर हामीले पनि यति ठूलो बाढी भनेर सूचनामा राखेका थिएनौं। हाम्रो सूचनामा 'धेरै ठूलो बाढी छ, सुरक्षित ठाउँमा, अग्लो स्थानमा जाऔं' मात्रै भनेका थियौं तर नागरिकलाई यो बाढी यति ठूलो छ र यसले गाउँबस्ती नै सखाप पार्छ भन्ने लागेन। बाढी त हरेक वर्षजसो आइराखेकै हुन्छ, त्योभन्दा अलि ठूलो होला भन्ने मात्रै सोच्नुभयो जस्तो देखिन्छ।

अर्कोतर्फ, जति नागरिकले ठूलो बाढी हुनसक्छ भन्ने आकलन गर्नुभयो र आफूलाई सुरक्षित गर्न अग्लो ठाउँमा जानुभयो, उहाँहरू जोगिनुभएको छ। त्यसकारण यसमा नागरिकको केही हेलचेक्र्याइँ पनि मिश्रित छ। यदि हामीसँग योभन्दा केही अगाडि नै सूचना दिनसक्ने अवस्था रहन्थ्यो भने केही बढी नागरिकलाई सुरक्षित गर्न सकिन्थ्यो होला। तर यसको आकलन गर्न नसकेको अवस्था हेर्दा त्यति धेरै नागरिकलाई पहिले नै सूचना दिएको भए पनि जोगाउन सकिने अवस्था थिएनजस्तो देखिन्छ किनभने खासगरी बेत्रावती र विदुरलगायत क्षेत्रमा नागरिकहरूले थाहा पाउँदापाउँदै पनि घर छोडेर नहिँडेको थुप्रै ठाउँ देखियो।

बाढी बेत्रावती आइपुग्नु अगाडि नै हाम्रो सूचना पुगेको थियो र पनि मानवीय क्षति भयो। त्यहाँ क्षति भएपछि भने तल्लो क्षेत्रका नागरिकहरूले अब सतर्क भएर मात्रै पुग्ने रहेनछ, जोगिनका लागि पहाडै चढ्नुपर्ने रहेछ भन्ने महसुस गर्नुभयो। त्यसपछि धेरै नागरिक घर छोडेर पहाडतिर उक्लिनुभयो र उहाँहरू ज्यान जोगाउन सफल हुनुभयो। केही अगाडि सूचना दिन सकेको भए केही बढी नागरिकलाई जोगाउन सकिन्थ्यो, अवश्य पनि हो। तर पूर्ण रूपमा जोगाउन सक्ने अवस्था रहेनछ, किनकी नागरिकले पनि बाढीको वास्तविक जोखिमलाई त्यति आकलन गर्न सक्नुभएन।

**- यसपटकको बाढीबाट हामीले सिकेको मुख्य पाठ के हो नि ?**

अब यसबाट हामीले सिकेको विषय भनेको कुनै पनि विपद्को पूर्वसूचनालाई बेवास्था गर्न नहुने पाठ सिकियो। नागरिकले त्यो सानो होस् वा ठूलो बाढी, आफूलाई सुरक्षित ठाउँमा लैजानैपर्छ किनभने सानै बाढीमा पनि सुरक्षित ठाउँमा पुग्दा हामीलाई केही क्षति हुँदैन तर ठूलो बाढी आएको रहेछ भने त क्षतिबाट जोगिन सक्यौं नि। त्यसकारण भविष्यमा हामीले जारी गर्ने कुनै पनि सूचना वा माथिल्लो क्षेत्रबाट नागरिकहरूले पठाउने कुनै पनि सूचनालाई नजरअन्दाज नगरौं। त्यो सूचनामा अति ठूलो बाढी पनि भनिएको हुनसक्छ या नभनिएको पनि हुन सक्छ।

बाढी आउँदै छ भन्ने सूचना पाउनेबित्तिकै नागरिक नजिकैको अग्लो भूभागतिर जान पहाडी क्षेत्रमा त केही मिनेटको समय मात्रै काफी छ। यो सिकाइ भोटेकोशी बाढीबाट भएको छ। सोही नदीमा र अन्य नदीहरूमा पनि उत्तिकै जोखिमका क्षेत्रहरू छन्। त्यसकारण भविष्यमा देशैभरका हिमाली क्षेत्रबाट बग्ने जति पनि नदीहरू छन्, ती सबै नदीका छेउछाउ बस्ने बासिन्दाहरूले आफूलाई नजिकैको अग्लो सुरक्षित स्थानमा पुऱ्याउनका लागि अगाडि नै तयारी गर्नुपर्छ।

**-अझै पनि जोखिम कायमै छ। हिमताल थुनिएको छ र जुनसुकै बेला फुट्नसक्ने जोखिम रहेको बताइएको छ। त्यस्तै साना-साना पहिरो खसेर खोलासमेत थुनिएको अवस्थामा अबको जोखिम कत्तिको देख्नुहुन्छ ?**

अहिलेसम्मको सूचनामा दुईवटा ताल बनेको खबर छ। ती दुईवटा तालमध्ये तल्लो ताल आंशिक रूपमा शनिबार राति खुलेको भनेर सूचना आएको छ। त्यसले गर्दा आइतबार बिहानपख करिब तीन मिटर जतिको बाढी हामीले धादिङको गल्छीमा मापन गरेका छौं। हामीले त्यहाँ नयाँ केन्द्र सञ्चालनमा ल्याएका छौं। जुन पुल बगाएको थिएन, त्यो पुलमा जलमापन केन्द्र राखिएको छ। त्यसकारण त्यो तीन मिटरको बाढी ठूलै बाढी हो। तर पनि गत बुधबारको बाढीभन्दा सानो थियो र प्रभावित क्षेत्रबाहिर रहेकाले क्षति हुने किसिमको बाढी थिएन।

अहिले पनि त्यहाँ एउटा ताल पूर्णतया बाँकी नै छ र त्यो ताल फुट्नसक्ने जोखिममा पनि छ भनिएको छ। त्यसकारण हामीले तल्लो क्षेत्रका नागरिकलाई सजग गराइराख्ने छौं। त्यो ताल जोखिममा छैन भन्ने अवस्था नहुँदासम्म तलका उद्धार तथा राहतका कार्यक्रमहरूलाई पनि सतर्कतासहित गर्नुपर्ने खाँचो छ।

**- त्यो तालको जोखिम न्यूनीकरण गर्न तत्काल केही उपाय गर्न सकिँदैन ?**

अहिले तत्काल स्थलगत केही काम गर्न जोखिम नै छ। थप पहिरोहरू खस्न सक्छन् र त्यहाँ जो कामका लागि जानुहुन्छ, उहाँहरू आफैं जोखिममा पर्ने समस्या छ। भविष्यमा त्यो ताल नफुट्दै हामीले त्यस काललाई कसरी खोलेर पानी निकास दिन सक्छौं र जोखिम कम गर्न सक्छौं भन्ने सोच्ने विषय भए पनि तत्कालका लागि चाहिँ त्यो ताल फुट्यो भने पूर्वसूचना दिने र मानिस जोगाउने विकल्प मात्रै बाँकी छ।

**- कतिपय ठाउँका नागरिकहरू अहिले पनि बाहिरै बस्नुभएको छ। अब उहाँहरू आफ्नो बस्ती सुरक्षित भयो भनेर ढुक्कका साथ कहिलेदेखि घर फर्केर बस्न सक्ने अवस्था आउला ?**

जुन बस्ती यो बाढीले डुबायो, बगायो, ती ठाउँमा अब कहिल्यै पनि सुरक्षित छैन। त्यो कुरा चाहिँ स्पष्ट हो। अब बस्ती सग्लो भए पनि पूर्वसूचनामा अद्यावधिक हुँदै बस्न सकिन्छ, नसकिने त होइन। तर पनि त्यहाँ नबस्नका लागि हामी सिफारिस गर्छौं किनभने गत बुधबारको भन्दा ठूलो बाढी जाने सम्भावना पनि छ। जुन बाढी हामीले अहिलेसम्मकै ठूलो बाढी भनेर देख्यौं, योभन्दा ठूलो बाढी पनि सम्भव छ, किनकि ठूला हिमतालहरू अझै पनि उपल्लो क्षेत्रमा छन्। योभन्दा ठूलो हिमपहिरोहरू जानसक्ने सम्भावनाहरू पनि हामी आकलन गर्न सक्छौं।

अब नागरिकले तत्कालका लागि अर्को व्यवस्था नहुँदासम्म सोही क्षेत्रमा बस्नुपर्ने बाध्यताका बीच पूर्वसूचना लिँदै बस्नुपर्ने एउटा आवश्यकता देखिन्छ भने दीर्घकालीन रूपमा उहाँहरूले आफ्नो बासस्थान परिवर्तन गर्नुपऱ्यो, सुरक्षित ठाउँमा स्थानान्तरण हुनुपऱ्यो। यो त्यहाँको मात्रै लागि होइन, देशैभरि जति पनि खोलाका छेउछाउ, नदीका छेउछाउका त्यस्ता बस्तीहरू छन्, ती सबैले सोच्नुपर्ने अवस्था छ। ती बस्तीहरूलाई कसरी स्थानान्तरण गर्ने, कहाँ स्थानान्तरण गर्ने र खासगरी विपन्नता भएका थुप्रै नागरिक खोलाका छेउछाउ बसोबास गर्नुहुन्छ, उहाँहरूलाई नयाँ ठाउँमा बसोबासका लागि राज्यले कसरी सहयोग गर्ने ? राज्यले पनि सोच्नुपर्छ।

हामीले पूर्वसूचना प्रणालीलाई केही विस्तार र विकास गर्नेछौं किनभने बस्तीहरूलाई हामी त्यहाँबाट बाहिर निकाल्न सकौंला,

*बाँकी तीन पृष्ठमा*

# रसुवा बाढी प्रकरणः 'मेरो श्रीमान् कहाँ हुनुहुन्छ ?'

**अजयकुमार साह**
धनुषा, १५ भदौ (रासस)।

धनुषाकी पूजा साह सिंहका लागि पछिल्ला दिन सामान्य छैनन्। दिनरात पूजा श्रीमान् अजय सिंहको प्रतीक्षामा मोबाइल हातमा लिएर बस्नुहुन्छ। आँखामा निद्रा छैन। मोबाइलको स्क्रिनमा पटक-पटक श्रीमान्को नम्बर हेर्छिन्, फोन गर्छिन्। तर, घण्टी बज्दैन। फोन उठ्दैन। प्रत्येक असफल प्रयाससँगै उनको मनमा आशङ्का बढ्छ र आँखाबाट आँसु झर्छ।

उहाँ जसलाई भेटे पनि "मेरो बुढा कस्तो अवस्थामा हुनुहुन्छ ? त्यहाँ के भइरहेको छ ? केही जानकारी पाएको छैन", रुदै पूजा भन्नुहुन्छ, "प्लिज, जसरी भए पनि उहाँको अवस्थाबारे जानकारी पाउँ। प्लिज मलाई उहाँसँग कुराकानी गराइदिनुस्।" रसुवाको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत धनुषाको कमला नगरपालिका-६ सखुवा मडानको अजय बाढी आउनुअघिसम्म नियमित रूपमा परिवारको सम्पर्कमा हुनुहुन्थ्यो। परिवारसँग कुराकानी गर्ने, आफ्नो अवस्थाबारे जानकारी दिने र घरपरिवारको हालखबर सोध्ने उहाँको दैनिकी थियो। तर, रसुवामा बाढी आएपछि उहाँ एकाएक सम्पर्कविहीन हुनुभयो। त्यसयता उहाँको मोबाइल लगातार बन्द छ।

श्रीमान्को अवस्थाबारे कुनै जानकारी नपाउँदा पूजाको बेचैनी दिन प्रतिदिन बढिरहेको छ। बाढीले रसुवामा ठूलो क्षति पुऱ्याएको खबर सुनेदेखि उनको मनमा एउटै प्रश्न घुमिरहेको छ- अजय कहाँ हुनुहुन्छ ? "एकपटक उहाँको आवाज मात्रै सुन्न पाए पनि हुन्थ्यो", पूजा भन्नुहुन्छ, "उहाँ सुरक्षित हुनुहुन्छ भन्ने खबर मात्रै पाए पनि मेरो मन शान्त हुन्थ्यो।"

अजयको सम्पर्कविहीनताको खबरपछि उहाँको घरमा सन्नाटा छाएको छ। सामान्य दिनचर्या पनि अस्तव्यस्त भएको छ। घरमा परिवारका सदस्यबीच कुराकानी भए पनि सबैको ध्यान मोबाइलमै हुन्छ। अपरिचित नम्बरबाट फोन आउँदा केही खबर आयो कि भन्ने आशा जाग्छ। तर, धेरैपटक ती फोन अपेक्षाविपरीत हुन्छन्। त्यसपछि फेरि सुरु हुन्छ प्रतीक्षा।

पूजाको जस्तै अवस्था अहिले रसुवाको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिका परिवारको छ। कसैका श्रीमान् सम्पर्कविहीन छन्, कसैका दाइ-भाइ त कसैका छोरा। रोजगारीका लागि घरदेखि टाढा पुगेका आफन्त विपद्पछि सम्पर्कविहीन हुँदा परिवारका सदस्यहरू अनिश्चितताको पीडामा छन्।

रसुवामा जलविद्युत् आयोजनालगायत विभिन्न क्षेत्रमा काम गर्ने धेरै व्यक्ति बाढी र पहिरोपछि सम्पर्कविहीन भएका छन्। आफन्तहरू उनीहरूको अवस्थाबारे जानकारी लिन प्रहरी, प्रशासन, अस्पताल तथा उद्धारमा खटिएका निकायसम्म पुगिरहेका छन्। कतै आफ्नो मान्छेको नाम भेटिन्छ कि, कतै फोटो देखिन्छ कि वा कसैले "उहाँ सुरक्षित हुनुहुन्छ" भनेर खबर गरिदिन्छ कि भन्ने आशामा उनीहरू दिनरात भौँतारिरहेका छन्।

बाढीले सडक, पुल, घर र बस्तीमा क्षति पुऱ्याएको छ तर त्यसको असर भौतिक संरचनामा मात्र सीमित छैन। विपदले धेरै परिवारको शान्ति, खुसी र नियमित जीवनसमेत खोसेको छ। कसैले आफन्त गुमाएको पीडा भोगिरहेका छन् भने कतिपय परिवार अझै 'सम्पर्कविहीन' भन्ने शब्दको अनिश्चिततामा अड्किएका छन्।

पूजाको प्रतीक्षा पनि त्यही अनिश्चिततासँग जोडिएको छ। हातमा मोबाइल, आँखामा आँसु र मनमा श्रीमान्को सम्झना बोकेर उहाँ हरेक क्षण अजयको खबर पर्खिरहनु भएको छ। "उहाँ जहाँ हुनुहुन्छ, सुरक्षित हुनुहोस्", उहाँ भन्नुहुन्छ। अजयको खोजी र उहाँको अवस्थाबारे यकिन गर्ने प्रयास जारी छ। तर धनुषामा पूजा भने अझै श्रीमान् फर्किने आशामा हुनुहुन्छ। उहाँको लागि अहिले समय रोकिएजस्तै भएको छ।

उहाँको मनमा एउटै प्रश्न छ- "मेरो अजय कहाँ हुनुहुन्छ ?" र, उहाँको आँखाबाट बगिरहेको आँसुको एउटै आग्रह छ- "प्लिज... जसरी भए पनि मेरो बुढासँग एकपटक कुरा गराइदिनुस्।" पूजा फेसबुकको वाल हेर्दै निराश हुँदै भन्नुहुन्छ, "अहिले सम्म मेरो श्रीमान्को बारे केही खबर प्राप्त भएन "मात्र एकपछि अर्को गरी पोष्टहरु घण्टैपिच्छे देखिको छ। बहुत कहालीलाग्दो अवस्था छ।

भर्खरै फेसबुकमा उहाँले पोष्ट गर्नुभएको छ, मेरा श्रीमान्लगायत धेरै जनाको अवस्थाबारे अझै स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन। यो अवस्था परिवारका लागि अत्यन्त पीडादायी र चिन्ताजनक बनेको छ। उहाँले सरकार, सुरक्षा निकाय, स्थानीय प्रशासन, विपद् व्यवस्थापनसँग सम्बन्धित सबै निकायलाई धन्यवाद दिँदै सम्पर्कविहीन अवस्थामा रहेका सबै नागरिकको खोजी र उद्धारलाई प्राथमिकतामा राखिदिनुहुन पनि उहाँले अनुरोध गर्नुभएको छ।

**मधेसका १५१ जना अझै सम्पर्कविहीन**

रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढी तथा पहिरोपछि मधेस प्रदेशका आठ जिल्लाका १५१ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। बाढीपहिरोपछि सम्पर्कविहीन भएका १७४ जनामध्ये शनिबार बिहानसम्म २३ जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन्। मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सम्पर्कविहीन हुनेको सङ्ख्या सबैभन्दा बढी सप्तरीमा ४७ जना रहेको छ। सप्तरीमा बाढीपहिरोपछि ४८ जना सम्पर्कविहीन भएकामा एक जना सम्पर्कमा आएका हुन्।

त्यस्तै, पर्सामा प्रारम्भिक रूपमा ३९ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएपछि ३६ जना अझै सम्पर्कविहीन छन्। बारामा २३ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएका छन् भने २० जना अझै सम्पर्कबाहिर छन्। रौतहटमा बाढीपहिरोपछि १७ जना सम्पर्कविहीन भएकामा छ जना सम्पर्कमा आएका छन्। रौतहटमा ११ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। सर्लाहीमा १५ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएपछि १२ जना सम्पर्कविहीन छन्।

महोत्तरीमा प्रारम्भिक रूपमा १७ जना सम्पर्कविहीन भएकामा दुई जना सम्पर्कमा आएका छन्। जिल्लामा १५ जना अझै सम्पर्कविहीन रहेको प्रहरीको विवरण छ। धनुषामा पाँच जना सम्पर्कविहीन भएकामा चार जना सम्पर्कमा आएपछि एक जना अझै सम्पर्कविहीन छन्। त्यसैगरी, सिरहामा १० जना सम्पर्कविहीन भएकामा एक जना सम्पर्कमा आएका छन् भने नौ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बाढीपहिरोपछि मधेस प्रदेशका आठ जिल्लाबाट सम्पर्कविहीन भएको प्रारम्भिक विवरण १७४ जनाको थियो। शनिबार बिहानसम्म २३ जना सम्पर्कमा आएपछि अझै १५१ जनाको अवस्था अज्ञात रहेको छ। प्रहरीले सम्पर्कविहीन व्यक्तिको खोजी तथा अवस्थाबारे जानकारी लिन सम्बन्धित निकायसँग समन्वय भइरहेको जनाएको छ। बाढीपहिरो प्रभावित क्षेत्रमा सञ्चार तथा यातायात सम्पर्क अवरुद्ध भएकाले सम्पर्कविहीनको यकिन विवरण सङ्कलनमा समेत कठिनाइ भइरहेको प्रहरीको भनाइ छ।

## 'भोटेकोशी...

तर जलविद्युत् आयोजना, सिँचाइ आयोजना, सडक, पुलहरू सबै त खोलाकै आसपास हुन्छन्। त्यसैले यात्रा गर्ने यात्रीहरू, आयोजनामा काम गर्ने कामदारहरू, सुरक्षा निकायका व्यक्तिहरू, सबैलाई सुरक्षित गर्नका लागि पूर्वसूचना त फेरि चाहिन्छ नै। नागरिक पनि कृषि कर्म वा अन्य विभिन्न काममा खोलाको छेउछाउ त हुनुहुन्छ।

भविष्यमा बस्तीहरूलाई स्थानान्तरण गर्न सकियो भने त्यसले भौतिक र मानवीय दुवै क्षति कम गर्न सहयोग पुऱ्याउँछ। बाढीको घटना पछाडिको अत्यन्तै महत्त्वपूर्ण सिकाइ यो पनि हो। यो सिकाइ हामीले विगतका घटनाहरूबाट पनि सिक्दै आएका हौँ, तर यो अझ ठूलो विपद् हुँदै गर्दा अझ हामी सुरक्षित ठाउँमा जानुपर्छ भन्ने सिकाइ चाहिँ भएको छ।

**- जलमापन केन्द्रहरू बगेपछि अहिले पूर्वसूचना सञ्चालन गर्न कत्तिको चुनौती थपिएको छ नि ?**

एकदमै चुनौतीपूर्ण छ। त्यही चुनौतीका बीच हामीले सीमा क्षेत्रमा सीसी क्यामेरा राखेर अहिले तत्कालका लागि काम गर्ने प्रयास गरिरहेका छौँ। आइतबार पनि एउटा टोली सीसी क्यामेरा जडानको सम्भाव्यता अध्ययनका लागि त्यसतर्फ गइसकेको पनि छ। अहिले हामी कम्तीमा दुईवटा राख्न सक्छौँ कि भन्ने योजना छ। त्यो भयो भने हामी दिनरात यहाँ कन्ट्रोल रुममा बसेर सीसी क्यामेरामार्फत प्राप्त तस्बिरहरू अध्ययन गर्दै सूचना दिन सक्नेछौँ। तत्कालै हामी नदीमा पानीको बहाव नाप्ने स्वचालित उपकरण राख्न सक्ने अवस्थामा छैनौँ। त्यहाँ भएका पुलहरू सबै बगाएका छन्। सबै दलदल छ, हिलो छ र त्यहाँ गएर पुनः अर्को केन्द्र राख्नसक्ने अवस्था चाहिँ देखिँदैन।

**- अन्त्यमा भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई के भन्न चाहनुहुन्छ ?**

भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई हामी उच्च मनोबलका साथ रहन, कुनै पनि बाढीसम्बन्धी, पहिरोसम्बन्धी अथवा विपद्सम्बन्धी कुनै पनि सूचनासँग अद्यावधिक रहन अनुरोध छ। कतिपय सूचना हामीले जारी नगर्ने तर घटना घट्ने पनि हुन सक्छन्। त्यसैले त्यहाँका स्थानीय नागरिकले त्यो खबर पाउनेबित्तिकै तल्लो क्षेत्रमा रहनुहुनेहरूले प्रवाह गरिदिन पनि अनुरोध गर्दछौँ। हामी सबै मिलेर यो विपद्सँग जुध्न कोसिस गऱ्यौँ भने जनधनको क्षति कम गर्न सकिन्छ।

## सूचीकरण...

सूचनाअनुसार आव २०८३/८४ बाट सूचीकरण तथा नवीकरण नगरेका पत्रपत्रिकाले बोर्डबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रकाशन गरे पनि त्यसवापतको रकम पाउने छैनन्। बोर्डले आव २०७९/८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकनसहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा विभिन्न स्तर, प्रकार र वर्गमा ८७९ वटा पत्रपत्रिका रहेका जनाएको छ। तीमध्ये अधिकांश पत्रपत्रिकाको बोर्डमा सूचीकरण तथा नवीकरण हुन बाँकी रहेका बोर्डको भनाइ छ।

सूचीकरण वा नवीकरण नगरेका कारण लोककल्याणकारी विज्ञापन प्रकाशनवापतको रकम भुक्तानी हुन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित पत्रपत्रिका स्वयंले लिनुपर्ने पनि बोर्डले स्पष्ट पारेको छ। बोर्डमा सूचीकरण तथा नवीकरणको प्रक्रिया अनलाइनबाटै गर्न सकिने व्यवस्था गरिएको छ। सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीले विज्ञापन बोर्डको अनलाइन दर्ता प्रणालीमार्फत आवेदन दिन सक्नेछन्।

## प्रेस...

युनियनको आठौं जिल्ला अधिवेशनबाट मनोजकुमार माझीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको थियो।

नयाँ कार्यसमितिको उपाध्यक्षमा नवीनकुमार गुप्ता र ललिता साह, सचिवमा परिष कर्ण, सहसचिवमा रामनारायण यादव तथा कोषाध्यक्षमा लोकेन्द्र यादव, सदस्यहरूमा दीपेश जोशी, अशोक झा, कृष्णकान्त देव र महेन्द्र सदा र गायत्री कुमारी रहेका छन्।

त्यस्तै प्रदेश पार्षदहरुमा गणेशलाल देव, रमानन्द देव, अरुण कुमार यादव, निरज कुमार मण्डल, सन्तोष कुमार साह र प्रतिमाकुमारी चौधरी रहेका छन्।

यसैगरि केन्द्रिय पार्षदहरुमा बिनयकुमार लाल कर्ण, मुरली यादव, श्रवणकुमार देव, ओमप्रकाश साह, संजिवबिक्रम साह, अर्जुन प्रसाद साह, ललिताकमारी साह रहेका छन्।

नेपाली कांग्रेस मधेश प्रदेशका सहमहामन्त्री बिन्दु यादवको प्रमुख आतिथ्यमा आयोजित पदस्थापन कार्यक्रममा संविधानसभा सदस्य सकलदेव सुतिहार, कांग्रेस जिल्ला सचिव सनत मण्डल, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, पूर्वअध्यक्ष धीरेन्द्रप्रसाद साह, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य सुधा देव, निवर्तमान अध्यक्ष विनयकुमार लाल कर्ण तथा प्रेस सेन्टरका अध्यक्ष बिन्दुकुमार यादव लगायतको शुभकामना दिएका थिए।

# विश्व समाचार

## बालबालिकालाई सामाजिक सञ्जालबाट केही समय टाढा राख्दा मानसिक स्वास्थ्यमा लाभ : अध्ययन

सिड्नी, १५ भदौ (रासस/सिन्ह्वा)।

बालबालिकाले सामाजिक सञ्जाल प्रयोग गर्न सुरु गर्ने उमेर केही ढिला गराउँदा उनीहरूको मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्न सक्ने एक नयाँ अध्ययनले देखाएको छ।

अस्ट्रेलियाको न्यु साउथ वेल्स विश्वविद्यालयले गरेको अध्ययनअनुसार कम उमेरमै सामाजिक सञ्जाल प्रयोग गर्न सुरु गर्ने किशोरकिशोरीमा चिन्ता र अवसादका लक्षण बढी देखिने गरेका छन्। यद्यपि, सामाजिक सञ्जालको खाता मात्र हुनु र मानसिक स्वास्थ्यसम्बन्धी समस्याबीचको सम्बन्ध तुलनात्मक रूपमा कमजोर रहेको पाइएको छ।

अस्ट्रेलियामा १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने व्यवस्था लागू हुनुअघि गरिएको उक्त अध्ययनमा १० देखि १५ वर्ष उमेर समूहका किशोरकिशोरी र उनीहरूका एक-एक जना अभिभावक सहभागी थिए।

अध्ययनमा सहभागीमध्ये करिब ७० प्रतिशतले आफूले सामाजिक सञ्जाल प्रयोग गरिसकेको बताएका थिए भने झन्डै आधासँग सामाजिक सञ्जालको खाता रहेको थियो। उनीहरूले औसतमा ११ वर्षको उमेरमा पहिलोपटक सामाजिक सञ्जाल प्रयोग गर्न थालेको पाइएको थियो।

अध्ययनकी प्रमुख अनुसन्धानकर्ता तथा न्यु साउथ वेल्स विश्वविद्यालयकी सहप्राध्यापक सुजेन स्वाइजरले बालबालिकाको मानसिक स्वास्थ्यमा सामाजिक सञ्जालको खाता हुनु मात्रभन्दा उनीहरूले पहिलोपटक सामाजिक सञ्जाल प्रयोग गर्न थालेको उमेर बढी महत्वपूर्ण देखिएको बताउनुभएको छ। उहाँका अनुसार अध्ययनको यो निष्कर्ष केही हदसम्म अपेक्षाभन्दा फरक रहेको थियो र।

अध्ययनमा सहभागी १० देखि १५ वर्ष उमेर समूहका करिब एक चौथाइ बालबालिकाले प्रतिबन्ध लागू भएपछि सामाजिक सञ्जाल प्रयोग गर्न पूर्ण रूपमा बन्द गर्ने योजना बनाएको बताएका थिए। त्यस्तै, ३४ प्रतिशतले खाता नखोली सामाजिक सञ्जाल प्रयोग गर्ने र ३५ प्रतिशतले प्रतिबन्धलाई छल्दै आफ्नो खाता प्रयोगलाई निरन्तरता दिने उपाय खोज्ने बताएका थिए।

अनुसन्धानकर्ताहरूका अनुसार बालबालिकालाई सामाजिक सञ्जालमा प्रवेश गर्न केही समय ढिलाइ गराउनु मानसिक स्वास्थ्य संरक्षणका लागि उपयोगी नीतिगत उपाय हुन सक्छ। यससँगै बालबालिकालाई सुरक्षित तथा स्वस्थ डिजिटल बानी विकास गर्न आवश्यक शिक्षा र मार्गदर्शन प्रदान गर्नु पनि उत्तिकै महत्वपूर्ण हुने अध्ययनले सुझाव दिएको छ।

## प्रशान्त महासागरमा 'करिना' तीव्र गतिमा शक्तिशाली आँधीमा परिणत हुँदै

मियामी, १५ भदौ (रासस/एपी)।

प्रशान्त महासागरमा विकसित 'करिना' आँधी आइतबार तीव्र गतिमा शक्तिशाली आँधीमा परिणत भएको छ। तटबाट निकै टाढा रहेको र न्यानो समुद्री पानीका कारण शक्ति बढाइरहेको यस आँधीबाट तत्काल जमिनमा कुनै खतरा नरहेको अमेरिकी मौसमविद्हरूले बताएका छन्।

मियामीस्थित अमेरिकी राष्ट्रिय आँधी केन्द्रका अनुसार 'करिना' आइतबार बिहान ८० माइल प्रतिघण्टा (१३० किलोमिटर प्रतिघण्टा) को अधिकतम निरन्तर हावाको गतिसहित श्रेणी-१ को आँधी बनेको थियो। केही घण्टामै हावाको गति १२५ माइल प्रतिघण्टा (२०५ किलोमिटर प्रतिघण्टा) पुगेपछि यो श्रेणी-३ को शक्तिशाली आँधीमा परिणत भएको हो।

कम्तीमा १११ माइल प्रतिघण्टा (१७८ किलोमिटर प्रतिघण्टा) को अधिकतम निरन्तर हावाको गति भएका आँधीलाई श्रेणी-३ वा सोभन्दा माथिको शक्तिशाली आँधी मानिन्छ। मौसमविद्हरूले आगामी एक-दुई दिनमा 'करिना' अझ शक्तिशाली बन्न सक्ने बताएका छन्।

आइतबार 'करिना' मेक्सिकोको बाजा क्यालिफोर्निया प्रायद्वीपको दक्षिणी छेउबाट करिब ९६० माइल (१,५४५ किलोमिटर) पश्चिम-दक्षिणपश्चिममा थियो। यो ९ माइल प्रतिघण्टा (१५ किलोमिटर प्रतिघण्टा) को गतिमा पश्चिमतर्फ अघि बढिरहेको र पूर्वानुमानअनुसार प्रशान्त महासागरको थप भित्री भागतर्फ जाने अपेक्षा गरिएको छ।

आँधी केन्द्रका अनुसार 'करिना' जमिनबाट टाढै रहने सम्भावना रहे पनि यसबाट उत्पन्न ठूला छालले दक्षिणपश्चिमी मेक्सिको र बाजा क्यालिफोर्निया प्रायद्वीपका तटीय क्षेत्रमा खतरनाक समुद्री छाल तथा 'रिप करेन्ट' निम्त्याउन सक्छ। हाल कुनै तटीय सतर्कता वा चेतावनी जारी गरिएको छैन।

यसैबीच, प्रशान्त महासागरमा रहेको 'लोवेल' नामक उष्णकटिबन्धीय आँधी हवाईको हिलोबाट करिब ९८५ माइल (१,५८५ किलोमिटर) पूर्व-दक्षिणपूर्वमा थियो। यसको अधिकतम निरन्तर हावाको गति ५० माइल प्रतिघण्टा (८५ किलोमिटर प्रतिघण्टा) रहेको र तत्काल जमिनमा कुनै खतरा नरहेको मौसमविद्हरूले बताएका छन्। 'लोवेल' सोमबार राति वा मङ्गलबारसम्ममा शक्तिशाली आँधीमा परिणत हुन सक्ने पूर्वानुमान गरिएको छ।

# बाढी प्रभावित क्षेत्रको पुनःस्थापनाका लागि जलवायु वित्त माग

काठमाडौँ, १५ भदौ (रासस)।

जलवायु विज्ञ, अनुसन्धानकर्ता तथा प्रभावित समुदायले भोटेकोशी बाढी प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्काल पर्या· प्त अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराउन अन्तरराष्ट्रिय समुदायसँग माग गरेका छन्। नेपालले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि यसको असरको अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै विपद्पछिको पुनर्निर्माणका लागि नयाँ ऋण थप्नु अन्यायपूर्ण हुने उनीहरूको भनाइ छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले नेपालको विद्यमान पूर्वसूचना प्रणाली मात्र पर्याप्त नहुने र जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्न विश्वसनीय, प्रमाणमा आधारित र निर्णय गर्न सकिने स्तरको तथ्याङ्क तथा प्रमाण आवश्यक हुने बताउनुभयो।

“तापक्रम बढ्दा हिउँ पग्लिएर ताल बन्यो र भोटेकोशी बाढी आएको हो। भोटेकोशी बाढी जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्ने बलियो आधार बनेको छ”, उहाँले भन्नुभयो, “नेपालले त्यस्तो प्रमाण प्रणाली विकास गरिरहेको भए पनि अझै पर्याप्त तथ्याङ्कीय आधार निर्माण हुन बाँकी रहेको छ।”

विशेषगरी क्षति तथा हानि सम्बोधन कोषबाट सहयोग प्राप्त गर्न नेपालले विपद्को प्रभाव, आर्थिक तथा गैर-आर्थिक क्षति, जलवायु परिवर्तनसँगको सम्बन्ध र आवश्यकताको स्पष्ट प्रमाण प्रस्तुत गर्नुपर्ने उहाँले बताउनुभयो। त्यसका लागि पूर्वसूचना प्रणालीसँगै हानि तथा नोक्सानीको व्यवस्थित अभिलेखीकरण र वैज्ञानिक मूल्याङ्कन आवश्यक हुने डा ढकालको भनाइ छ।

नेपालले विभिन्न अन्तरराष्ट्रिय फोरममा जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि तथा नोक्सानी, प्रविधि हस्तान्तरण र क्षमता विकासलगायत विषयमा आवाज उठाउँदै आएको डा ढकालको भनाइ छ। उहाँले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए भोटेकोशी बाढीजस्ता उच्च जोखिम रहेकाले जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय कूटनीतिमा प्रभावकारी रूपमा उठाइने बताउनुभयो।

“हिमाल, हिमनदी, हिमाली पारिस्थितिक प्रणाली तथा जलसुरक्षासँग जोडिएका नेपालको विशिष्ट अवस्थालाई अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै जलवायु कूटनीतिलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेका छौँ”, ढकालले भन्नुभयो, “नेपालले जलवायु न्यायको स्पष्ट धारणा, हिमाली मुलुकका रूपमा रहेको विशिष्ट पहिचान, अन्तरराष्ट्रिय विश्वसनीयता तथा विभिन्न मुलुक र क्षेत्रीय समूहसँग सहकार्य गर्ने क्षमता रहेकाले हिमाली मुद्दामा हामी ‘लिड’ गर्न सक्छौँ।”

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हालका घटनामा बाढीले गिटी, बालुवा, माटो र ठूला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पुऱ्याउँछ। तापमान वृद्धिका कारण हिमनदीजन्य घटनामा वृद्धि भएको इसिमोडले जनाएको छ।

इसिमोडका अनुसार छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टान खस्ने, जमिन भासिने घटना निम्त्याउँछ। जलवायु क्षेत्रमा काम गर्ने विज्ञहरूले आइतबार यस सम्बन्धमा संयुक्त रूपमा वक्तव्यसमेत जारी गरेको छन्। जलवायुजन्य हानी तथा नोक्सानी कोष, हरित जलवायु कोष र अनुकूलन कोषमार्फत ऋणरहित अनुदान तत्काल उपलब्ध गराउन उहाँहरूको माग छ।

तोकिएका राष्ट्रिय निकायमार्फत त्यस्तो वित्त आपतकालीन उद्धार, राहत, सुरक्षित पुनर्वास तथा जलवायु-सहनशील पुनर्निर्माणमा प्रत्यक्ष परिचालन गर्नुपर्नेमा जोड दिइएको छ। भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि ठूलो रकम आवश्यकपर्ने प्रारम्भिक अनुमान गरिरहेका बेला जलवायु विज्ञहरूको यस्तो माग गर्नुभएको हो।

अर्थमन्त्री स्वर्णिम वाग्लेले पुनर्निर्माणका लागि चारदेखि पाँच अर्ब अमेरिकी डलरसम्म आवश्यक पर्नसक्ने प्रारम्भिक अनुमान सार्वजनिक गर्नुभएको छ। जलवायु अभियन्ता राज थापाले नेपालजस्तो जलवायु जोखिमयुक्त मुलुकलाई विपद्पछि थप ऋणको भार बोकाउनु ‘दोहोरो अन्याय’ हुने बताउनुभयो। विपद्बाट जीवन र जीविका गुमाएका समुदायले पुनःऋण तिर्नुपर्ने अवस्था सिर्जना गर्न नहुने उहाँको भनाइ छ।

“हिमालय क्षेत्रमा हिउँ तथा हिमनदी पग्लिनेक्रम तीव्र हुँदै गएको, जसका कारण हिमताल विस्फोटजन्य बाढी (जिएलओएफ), पहिरो तथा आकस्मिक बाढीको जोखिम बढिरहेको छ”, थापाले भन्नुभयो, “जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिमलाई ध्यानमा राखेर हिमालय-विशिष्ट पूर्वसूचना प्रणाली तथा हिमनदी अनुगमन प्रणालीमा तत्काल लगानी गर्न पनि माग गरिएको छ। हालको मनसुनकेन्द्रित पूर्वसूचना संरचना उच्च हिमाली क्षेत्रमा हुने यस्ता विपद्का लागि पर्याप्त छैन।”

संयुक्त वक्तव्यमा क्षति तथा हानि कोषलाई पूर्ण रूपमा र शीघ्र सञ्चालन गरी नेपालजस्ता जोखिमयुक्त मुलुकले प्रतिबद्धता र वास्तविक वित्तीय सहयोगबीच वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उल्लेख छ। जलवायु अभियन्ता गीता पाण्डेले हिमाली नदी बेसिनका लागि सीमापार पूर्वसूचना प्रणाली र जलवैज्ञानिक तथ्याङ्क आदानप्रदानलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो। “एउटै नदी प्रणालीमा निर्भर मुलुकबीच समयमै सूचना आदानप्रदान हुन नसक्दा विपद्को जोखिम अझ बढ्नसक्ने भन्दै यसका लागि क्षेत्रीय संयन्त्र निर्माण गर्न आवश्यक छ”, उहाँले भन्नुभयो।

जलविज्ञान तथा जलस्रोत अनुसन्धानअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीले हिमाली क्षेत्रमा हिमताल विष्फोटको जोखिम रहेको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले भन्नुभयो, “भोटेकोशी बाढीको जस्तै अन्य हिमाली क्षेत्रमा पनि जलवायुजन्य असरका कारण ठूलो क्षति हुन सक्छ।” तसर्थ पूर्वसूचना प्रणालीको विकास र विस्तार तथा जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्नेमा उहाँको जोड छ।

वैज्ञानिकहरूले पनि रसुवा भोटेकोशीको बाढीपश्चात् हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू-सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न भने सकेका छैनन्।

### *भोटेकोशी...*

गरिएको छ। त्यसका लागि हालसम्म ४११ पटक हवाई उडान गरिएको प्राधिकरणले जनाएको छ।

सरकारले मुख्य प्रभावित रसुवामा रु एक करोड, नुवाकोटमा रु एक करोड र धादिङमा रु ५० लाख नगद राहत सहयोग उपलब्ध गराएको छ। साथै प्रभावित १५ वटा पालिकालाई रु छ करोड ७५ लाख उपलब्ध गराएको जानकारी दिइएको छ।

प्राधिकरणका अनुसार प्रभावित क्षेत्रमा खाद्यान्न, गैरखाद्य सामग्री, औषधि तथा स्वास्थ्य सामग्रीसमेत पठाउने काम भइरहेको छ।

### *राजविराज...*

चौधरी, मनोज देव, बालाकृष्ण ढुङ्गाना, कौशलकिशोर दत्त, सत्यनारायण साह र अजयकुमार चौधरीको उम्मेदवारी परेको निर्वाचन अधिकृत चौधरीले जानकारी दिए।

आगामी दुई वर्षको कार्यकालका लागि हुने निर्वाचनका लागि उम्मेदवारहरुको नाम फिर्ता लिने समय भदौ १७ गतेसम्म रहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

# आँखैअघि साथीहरू बगे, ओढारमा बित्यो रात

काठमाडौँ, १५ भदौ (रासस)।

एकाएक उर्लिएको भोटेकोशी बाढी जीवनका लागि त्रासदीपूर्ण दिन बन्यो।

यही भदौ १० गते, बुधबारको उक्त बाढीले घर, भवन, सडक, पुल र अन्य संरचना बगाउँदै गर्दा दौडिएर सुरक्षित स्थानमा पुग्न सफल भएकाहरूका आँखामा बाढीको वितण्डा घुमिरहेका छन्।

देख्दा देख्दै कैयौँ आफन्त, साथीभाइ र सहकर्मी बाढीमा बेपत्ता भए। ज्यान जोगिए पनि त्यस दिनको त्रास र पीडा कसरी भुलाउने भन्ने बाँचेकाहरुको मनमा परिरहेको छ।

रसुवाको मैलुङ जलविद्युत् आयोजनामा कार्यरत प्राविधिक कर्मचारी शिव गिरीसहित सात जनाले बाढी आएसँगै भागेर ज्यान जोगाएको बयान छोटो आलेखमा वर्णन गर्न सकिँदैन।

उपचारमा महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा रहनुभएका गिरी बाढीको बेग बढ्न थालेपछि आयोजनाको क्याम्पबाट माथितिर उक्लनुभयो।

केही समयमै तलतिरका घर, बस्ती र अन्य संरचना बाढीमा डुब्न थाले। उनीहरूले हेर्दाहेर्दै आफ्नै साथीहरूलाई बाढीले बगाएर बेपत्ता बनायो। “हेर्दाहेर्दै कति साथीहरू बगेर बेपत्ता भए। नजिकका घरगाउँ नै डुबे, मेरा काकाको छोरा (भाइ) बग्यो।” खुइँय, गर्दै गिरीले सुनाउनुभयो।

दाङको घोराहीबाट रोजगारीका लागि रसुवा पुग्नुभएका गिरीका लागि त्यो दिन अभिशाप बन्यो। बाढीबाट भागेर बचे पनि माथितिर लागे पनि तत्काल कुनै गाउँ वा बस्ती भेटिएन। भोक र प्यासले सताइरहेको थियो। जङ्गलको बाटो हुँदै सुरक्षित स्थानको खोजीमा निरन्तर उकालो चढ्दा पनि गाउँ भेटिएन। “रातिसम्म करिब १२ घन्टा हिँडेर एउटा ओढारमा पुगेर बस्यौँ।” गिरीले दुःखको विवरण सुनाउनुभयो।

गिरीको टोली टिमुरे र धुन्चेतिर जान नसक्दा ज्यान जोगाउने उद्देश्यले जङ्गलको बाटो रोज्नुपरेको थियो। भाग्ने क्रममा क्याम्पमा रहेको एउटा कुकुरले उहाँहरूको साथ छाडेन। मानवीय त्रासदीबीच त्यो कुकुरको साथ पनि उहाँहरूका लागि सम्झनायोग्य बन्यो।

ओढारमा बसेको भोलिपल्ट तल आयोजनास्थल झरेर आफूहरु विस्थापित भएको र उद्धारका लागि खबर गरेपछि नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौँ आएको बताउनुभयो।

गिरीका अनुसार आयोजनाका कर्मचारीहरू सुरक्षित ठानिएको क्याम्पमा बस्दै आएकामा सुरक्षित ठानिएको त्यही क्याम्पसमेत बाढीले बगाएर लग्नुले बाढीको विनाशकारी आयतन आँकलन गर्न सकिन्छ।

**पूर्वसूचना पाए पनि यस प्रकारको जोखिमको आकलन भएन**

रसुवाकै त्रिशूली-३ ‘ए’ जलविद्युत् आयोजनाका कर्मचारी तथा रसुवा निवासी चिप्पु दोर्जे तामाङ बाढी आएको दिन काठमाडौँमै हुनुहुन्थ्यो। आयोजनाको सिसी क्यामराबाट आएका दृश्य र सन्देशहरू हेर्दै उहाँ घटनाक्रमबारे जानकारी लिइरहनुभएको थियो।

बाढी आउन सक्ने पूर्वसूचना प्राप्त भए पनि कतिपयले त्यसको सम्भावित जोखिमलाई गम्भीररूपमा नलिएको उहाँको अनुभव छ।

“मान्छेले यति माथिसम्म त के बाढी आउला र भनेर कम आँके”, तामाङले त्रासदीपूर्ण विपद्को सम्झना गर्दै भन्नुभयो, “कतिपय भागिसकेका मानिस पनि फर्किएर बाढी हेर्न थाले। बाढीको भयावह रूप देख्न पुगेका केही मानिस भिडियो खिचिरहेका थिए। कोही पौडी खेलेर ज्यान जोगाउन सफल भए। हेर्दाहेर्दै धेरैलाई बगायो।”

घटनास्थलमा मानिसहरूलाई ठूलै बाढी हो भन्ने सन्देश दिन र समयमै सुरक्षित स्थानतर्फ तत्काल सार्न सकिएको भए क्षति कम गर्न सकिने उहाँको बुझाइ छ। तामाङका अनुसार भन्सारको ११ तले भवनसमेत बाढीले ढालेको सूचना समयमै सबैसम्म पुग्न सकेन।

“११ तलाको भन्सारको भवन ढालिसक्यो भन्ने सन्देशचाहिँ प्रवाह भएन।” उहाँले भन्नुभयो, “त्यो खालको खतराको पूर्वसूचना भएको भए मान्छेहरू थप सचेत भएर सुरक्षित स्थानमा जान्थे होलान्।”

**ज्यान जोगिए पनि सहकर्मीको पर्खाइ**

भोटेकोशी बाढीबाट ज्यान जोगाएकाहरूका लागि जीवन सामान्य अवस्थामा फर्किन अझै कठिन छ। उनीहरू बाढीबाट बाँचेका छन्। तर आफ्ना सहकर्मी, आफन्त र साथीहरूको अवस्थाबारे अनिश्चित छन्।

मैलुङ जलविद्युत् आयोजनामा कार्यरत मेघबहादुर गुरुङ पनि बाढीपछि बेपत्ता हुनुहुन्छ। उहाँको परिवार अहिले अस्पतालदेखि सम्भावित खोजीस्थलसम्म आफन्तको अवस्थाबारे खबर पर्खिरहेको छ।

मेघबहादुरकी श्रीमती जयन्ती गुरुङ घाइतेको उपचार भएका अस्पताल र सूचना पाउने सम्भावित स्थलमा पुगेर आकुलव्याकुल हुँदै खोजीको प्रतीक्षामा हुनुहुन्छ। “म के गरौँ, कसरी सम्हालिऊँ ?” उहाँको प्रश्नमा श्रीमान्‌को पर्खाइ, परिवारको चिन्ता र भविष्यको अन्योल एकैपटक झल्किन्छ।

बाढीमा बेपत्ता भएका व्यक्तिका परिवारका लागि अहिले ‘कि सास, कि लास’ को आशा मात्र बाँकी छ। आफन्त फर्किएर आउने आशा अझै मरेको छैन। तर दिन बित्दै जाँदा प्रतीक्षा झन् पीडादायी बन्दै गएको छ।

# भोटेकोशी बाढीः तीन हजारको उद्धार, एक हजार पाँचसयभन्दा बढी बेपत्ता

**रामहरि न्यौपाने**
त्रिशूली (नुवाकोट), १५ भदौ (रासस)।

भोटेकोशी नदीमा यही भदौ १० गते बिहान आएको अकल्पनीय बाढीबाट अति प्रभावित तीन हजारभन्दा बढीको उद्धार गरिएको छ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले गए रातिसम्म बाढीका कारण अति प्रभावित भएका तीन हजार २९ जनालाई रसुवा र नुवाकोटको विभिन्न स्थानबाट उद्धार गरिएको जानकारी दिनुभयो।

तीमध्ये नेपाली नागरिक दुई हजार सात सय ७६ जना र विदेशी दुईसय ५३ जना रहेका छन्। पछिल्लो चौबिस घण्टामा छसय २४ जनाको उद्धार गरिएको प्रजिअ रेग्मीले जानकारी दिनुभयो।

“बाढीबाट ज्यान जोगाइ सुरक्षित स्थानमा आश्रय लिएर बसिरहेकालाई हेलिकप्टरमार्फत उद्धार गरिएको हो।” प्रजिअ रेग्मीले भन्नुभयो, “उनीहरुको स्वास्थ्य जाँच गरेर उपचार आवश्यक पर्नेलाई सोही अनुसार स्वास्थ्य संस्थामा सिफारिस गरिएको छ भने बाँकीलाई पारिवारिक पुनर्मिलन गराइएको छ।”

भोटेकोशी बाढीमा फसेकालाई उद्धारअन्तर्गत जलविद्युत् आयोजनाको सुरुङभित्र रहेको भनिएकाबाहेकको उद्धार अन्तिम चरणमा पुगेको छ। तर रसुवाको टिमुरे, स्याफ्रुबेँसी, मैलुङलगायतका स्थानमा अझै केही फसेको हुनसक्ने भनेर नियमित रुपमा हेलिकप्टरमार्फत रेकी भइरहेको प्रजिअ रेग्मीको भनाइ छ।

यसैगरी, भोटेकोशी बाढीमा परेर हराएको जनाउँदै आइतबारसम्म एक हजार पाँचसयभन्दा बढी व्यक्तिको परिवारको निवेदन परेको छ। नुवाकोट र रसुवाको विभिन्न स्थानबाट आफ्नो आफन्त हराएको जनाउँदै खोजतलासको लागी एक हजार पाँचसय ५८ जनाको निवेदन प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिनुभयो। उहाँको अनुसार हराएका व्यक्तिको खोजतलासका लागि नेपाल प्रहरीको वेबसाइड, जिल्ला प्रहरी कार्यालय, प्रशासन कार्यालय र श्री नं १ सैन्य तालिम केन्द्र विदुरमा निवेदन दिन सकिन्छ। हराइरहेका तथा बाढीमा फसेकालाई खोज तथा उद्धारमा हेलिकोप्टर, तालिमप्राप्त कुकुर र ड्रोन क्यामेराको सहयोगमा संयुक्त सुरक्षा फौजको टोली सक्रिय रहेको छ।

बाढीमा परेर ज्यान गुमाएकामध्ये हालसम्म नुवाकोटमा ९५ जनाको शव सङ्कलन भएको छ। नुवाकोटको विभिन्न ३० स्थानमा सयुक्त सुरक्षा टोली परिचालनमार्फत गरिएको खोज तथा उद्धारमार्फत ती शव सङ्कलन गरिएको हो। सङ्कलन भएको शवलाई पहिचानको लागि प्रहरीले तस्विरसहितको विवरण सार्वजनिक गरेको छ। शवलाई नुवाकोटबाट परीक्षणको लागि शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा पठाएकाले सम्बन्धित परिवारलाई अस्पतालमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*